गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या : ०८२/०८३

चलानी नं.:

## युवा क्लवहरुको विवरण पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः२०८२/१०/०७

गण्डकी प्रदेश अन्तर्गत स्थापित भइ क्रियाशिल युवा क्लवमा आवद्ध व्यक्तिहरुलाई प्रशिक्षण र परिचालन गरी राज्यका तल्लो तह गाउँ/नगरपालिकाहरु युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्दै युवालाई अधिकार र कर्तव्यप्रति सजग गराउँदै राष्ट्र निर्माणमा उत्प्रेरित गर्नको लागि युवा क्लव गठन, सहजिकरण, प्रशिक्षण र परिचालन गर्न मद्दत पुऱ्याउने उद्देश्यले यस मन्त्रालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रममा युवा क्लव प्रशिक्षण र परिचालन सम्बन्धी कार्यक्रम रहेको र उक्त कार्यक्रम गण्डकी प्रदेश अन्तर्गतका युवा क्लवका पदाधिकारी एवं सदस्यहरुलाई लक्षित गरी सञ्चालन एवं कार्यान्वयन गर्ने र युवा क्लवहरुको अभिलेख व्यवस्थापन गर्ने प्रयोजनका लागि गण्डकी प्रदेश अन्तर्गत विभिन्न जिल्ला/पालिका स्तरमा स्थापित भई क्रियाशिल रहेका युवा क्लवहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/१०/२१) भित्र तपसिलमा उल्लिखित कागजातहरु सहितको विवरण पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. क्लवको संस्थागत निवेदन,
२. युवा क्लव (संस्था) दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
३. क्लवका पदाधिकारी, सल्लाहकार र सदस्यहरु सबैको नामथर, ठेगाना, पद/हैसियत र सम्पर्क नम्वर समेत खुलेको विवरण

महाशाखा प्रमुख

युवा तथा खेलकुद महाशाखा

*पुनश्चः विवरण यस मन्त्रालय (युवा तथा खेलकुद महाशाखा)को इमेल ykm2081@gmail.com मार्फत समेत उपलब्ध गराउन सकिनेछ । थप जानकारीको लागि रीता लम्साल सापकोटा (अधिकृत)-९८४६३८०९०२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*